आज मिति २०७६/०२/०७ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख प्र. अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

## बुद्धभूमी नगर कार्यपालिकाको मिति २०७६।०२।०७ गतेको बैठकका निर्णयहरु

१. **बजेट सीमा निर्धारण समिति निर्धारण गरेको बजेट सीमा सम्बन्धमा।**

**निर्णयः** बुद्धभुमी नगरपालिकाको आ.व. २०७६।७७ को लागि संघ तथा प्रदेशबाट प्राप्त भएको र नगरपालिकाको आन्तरिक स्रोत र जिल्ला समन्वय समितिबाट प्राप्त तपसिल अनुसारको स्रोतगत बजेट तथा शीर्षकगत बजेट सीमा जानकारी गराइयो।

**क) स्रोतगत बजेटः**

तपसिलः

| क्र.सं. | शिर्षक | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ |
|---|---|---|---|
| १ | समानीकरण (संघ) | १७,२४,००,०००।०० | १७,६०,००,०००।०० |
| २ | राजस्व बाडफाड (संघ) | १२,८७,००,०००।०० | १५,४६,००,०००।०० |
| | **जम्मा** | ३०,११,००,०००।०० | ३३,०६,००,०००।०० |
| १ | समानीकरण (प्रदेश) | ५१,९२,०००।०० | ५१,५८,०००।०० |
| २ | राजस्व बाडफाड (प्रदेश) | ९९,५८,०००।०० | १,२९,८१,०००।०० |
| | **जम्मा** | १,५१,५०,०००।०० | १,८१,३९,०००।०० |
| १ | आन्तरिक आय | २,७६,२०,०००।०० | ४,१०,००,०००।०० |
| २ | जि.स.स.वाट प्राप्त | ०।०० | ३,१५,००,०००।०० |
| | **जम्मा** | ३४,३८,७०,०००।०० | ४२,१२,३९,०००।०० |

**ख) शीर्षकगत बजेट सीमाः**

- समपुरक कोष रू. ३,५०,००,०००।-
- लागत सहभागिता रू. ३,००,००,०००।-
- एक गाउँ एक पोखरी रू. ५०,००,०००।-

२. **योजना माग संकलन तथा बजेट सीमा सम्बन्धमा।**

**निर्णयः** स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) को बुदा न. ५.३ र ५.४ तथा सोहि दिग्दर्शनको अनुसूची ३ र ४ बमोजिम तोकिएको ढाँचा अनुसार योजना छनौट गर्ने र सबै वडाका लागि जम्मा रू. ६ करोड ५० लाख बजेट सीमा निर्धारण गरिएकोमा प्रत्येक वडाको लागि रू. ६५,००,०००।- (पैसठ्ठी लाख मात्र) को दरले छुट्याइएको हुँदा सो बजेटबाट सामाजिक (शिक्षा, लक्षित वर्ग), आर्थिक, वन बातावरण तथा विपद् व्यवस्थापन तथा पूर्वाधार विकासका योजना तथा कार्यक्रमहरू समावेश गरी जेष्ठ २० गते भित्र पेश गर्ने निर्णय गरियो।

३. **नगर सभाको तयारी सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमी नगरपालिकाको आगामी आ.व. ०७६/७७ को नीति, कार्यक्रम तथा बजेट मिति २०७५।०३।०८ गते हुने पाँचौ नगर सभा प्रस्तुत गर्ने निर्णय गरियो।

४. **चालु योजनाहरूको प्रगति सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमी नगरपालिकाको चालु आ.व. २०७५/७६ मा सञ्चालनमा रहेका योजनाहरूको बारेमा विस्तृत छलफल भई गुणस्तर कायम गरी यथा समयमा योजना सम्पन्न गर्ने सम्बन्धमा समिक्षा गरियो।

५. **वडाका चालु आ.व. का योजना तथा कार्यक्रम सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमी नगरपालिकाको चालु आ.व. मा सम्झौता गर्न बाँकी रहेका योजना तथा कार्यक्रमहरू तत्काल सम्झौता गरी सम्पन्न गर्ने निर्णय गरियो।

2066।02।06

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

६. **नगर प्रहरी ऐन सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमी नगरपालिकाको नगर प्रहरी ऐन २०७६ को मस्यौदा विधेयक समितिका संयोजक श्री खुमानन्द न्यौपानेलाई अध्ययन गरी नगर सभामा प्रस्तुत गर्ने जिम्मेवारी दिइयो।

७. **दमकल सेवा शुल्क सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमी नगरपालिकाले दमकल सेवा लिए बापत कपिलवस्तु नगरपालिकालाई वारूण यन्त्र सञ्चालन शीर्षकबाट रू. १,५०,०००।- उपलब्ध गराउने निर्णय गरियो।

८. **विविध:**

**क) विद्युत सिफारिस सम्बन्धमा।**

**निर्णय:** नेपाल विद्युत प्राधिकरण कृष्णनगर वितरण केन्द्रको मिति २०७६।०१।२९ च.नं. ६०७ को प्रत्र अनुसार उक्त केन्द्र अन्तर्गत पर्ने ग्राहकहरूको नयाँ संरचना (घर, गोठ आदि) निर्माण गर्दा विद्युत लाइन मुनी संरचना निर्माण गर्दा हुने दुर्घटनाको सम्भावनालाई मध्ये नजर राखी विद्युत लाइन मुनी संरचना निर्माण स्वीकृत नदिनुहुन र विद्युत वितरण विनियमावली अनुसूची अनुसारको लाइन क्लियरेन्स कायम गराउनु हुन भनी लेखि आएकोले सोही अनुसार गर्न जानकारी गराइयो।

**ख) द्वन्द्वबाट प्रभावित व्यक्तिहरूको विवरण उपलब्ध गराउने सम्बन्धमा।**

**निर्णय:** आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ५ रूपन्देहीको को च.नं. १०८२ मिति २०७६।०२।०३ गतेको प्राप्त पत्रानुसार द्वन्द्वबाट प्रभावित व्यक्तिहरूलाई उक्त मन्त्रालयको निजहरूले सिकेको सिपको आधारमा चालु आ.व.को वार्षिक कार्यक्रम अन्तर्गत मेसिन, औजारका सामाग्रीहरू विवतरण गर्ने कार्यक्रम रहेको हुँदा वडा कार्यालयबाट डाटा संकलन गरी यस कार्यालयमा पठाउने जानकारी गराइयो।

**ग) रकम शिर्षककान्तर/ रकमान्तर सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमी नगरपालिकाको आ.व. २०७५/७६ को बजेट नीति तथा कार्यक्रमको विद्यार्थी सिकाई उपलब्धी परीक्षण र व्यवस्थापन कार्यक्रमको सि.नं. ७ मा उल्लेखित शिक्षक निर्देशिका व्यवस्थापन शिर्षकमा रहेको (संघ तर्फको राजश्व बाँडफाँड) बजेट रू. ५०,०००।- (पचास हजार) लाई थप नयाँ शिर्षक शिक्षक डायरी प्रकाशनको लागि उक्त बजेट शिर्षकान्तर / रकमान्तर गर्ने निर्णय गरियो।

**तपसिल**

| पहिलो भएको शिर्षक | रकम | नयाँ थप शिर्षक | रकम |
|---|---|---|---|
| शिक्षक निर्देशिका व्यवस्थापन | ५०,०००।- | शिक्षक डायरी प्रकाशन | ५०,०००।- |

**घ) आर्थिक सहयोग सम्बन्धमा।**

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | बुद्धभूमी नगरपालिका वडा नं. ६ निवासी अब्दुल कलाम मनिहारको घरमा आगलागी भई खाद्य सामान, लत्ताकपडा, नगद, जिन्सी सामानहरू जालेर नष्ट भएकोले विपद् व्यवस्थापन शिर्षकबाट रू. १०,०००।- दिने निर्णय गरियो। | विपद् व्यवस्थापन | १०,०००।- |
| २ | बुद्धभूमी वडा नं. ९ पिपल डाँडा आधारभूत विद्यालयकाको खानेपानी व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई कार्यक्रमको शिर्षकबाट रू. ३०,०००।- दिने निर्णय गरियो। | खानेपानी तथा सरसफाई शिर्षक | ३०,०००।- |
| ३ | वडा नं. ४ चरमगुनिया निवासी सुकमाया सुनारको घरमा आगलागी भई खाद्य सम्पूर्ण सरसामानहरू जालेर नष्ट भएकोले विपद् व्यवस्थापन शिर्षकबाट रू. ८,०००।- दिने निर्णय गरियो। | विपद् व्यवस्थापन | ८,०००।- |

२०७६।२।०६
केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

ङ) राष्ट्रपति चुरे - तराई मधेश संरक्षण कार्यक्रम सम्बन्धमा ।

**निर्णय :** वन तथा वातावरण मन्त्रालय अन्तर्गत राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको कार्यक्रम अन्तर्गत आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम यस बुद्धभूमी नगरपालिकालाई रंसिह नदी प्रणाली अन्तर्गत रू. १ करोड २० लाख ७५ हजार कार्यक्रम स्वीकृत भई कार्यान्वयन गर्न प्राप्त भएकाले रंसिह नदी प्रणाली अन्तर्गत यस नगरपालिका क्षेत्रमा प्रभावित हुने भएकोले तपसिलका वडाहरूमा उक्त बजेट बाँडफाँड गरी कार्यक्रम योजना सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | कार्यक्रम | स्थान | बजेट रकम |
|---|---|---|---|
| १ | पत्थरकोट बजार संरक्षण | पत्थरकोट बुद्धभूमी १ | १०,००,०००।- |
| २ | झोलुङ्गे पुल संरक्षण | रनगाई, भट्टराईटोल बुद्धभूमी -३ | ८,००,०००।- |
| ३ | बोक्तापुर चमरटोल गाउँ संरक्षण | बुद्धभूमी न.पा. ३ | ५,००,०००।- |
| ४ | रनगाई टोल बस्ती संरक्षण | बुद्धभूमी न.पा. ३ | ७,००,०००।- |
| ५ | देउरी गाउँ संरक्षण | बुद्धभूमी न.पा. ४ | १०,००,०००।- |
| ६ | बदलपुरा गाउँ संरक्षण | बुद्धभूमी न.पा. ६ | ८,००,०००।- |
| ७ | बैरिहवा गाउँ संरक्षण | बुद्धभूमी न.पा. ६ | ६,००,०००।- |
| ८ | दरखसहवा गाउँ संरक्षण | बुद्धभूमी न.पा. ८ | १०,००,०००।- |
| ९ | धमौली गाउँ संरक्षण | बुद्धभूमी न.पा. ९ | ८,००,०००।- |
| १० | इमिलिया पुलको दक्षिण संरक्षण | बुद्धभूमी न.पा. ९ | ७,००,०००।- |
| ११ | हरदासडिहवा गाउँ संरक्षण | बुद्धभूमी न.पा. १० | १०,००,०००।- |
| १२ | जडहरा घोराही नाला संरक्षण | बुद्धभूमी न.पा. २ | ६,००,०००।- |
| १३ | हरिहरपुर ताल संरक्षण | बुद्धभूमी न.पा. ८ | २५,००,०००।- |
| १४ | बृक्षारोपण (श्रीखण्ड) | सबै वडाहरूमा | ७५,०००।- |
| जम्मा | | | १,२०,७५,०००।- |

२०७६/०२/०६

प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)

२०७६/०२/०६

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner